मिति २०८२ माघ २१ गतेको ६९ औं कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा।

प्रस्ताव नं. २ : विभिन्न मन्त्रालय तथा आयोगको पत्रको जानकारी सम्बन्धमा।

प्रस्ताव नं. ३ : खर्च प्रगति सम्बन्धमा।

प्रस्ताव नं. ४ : योजना फरफारक, अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा।

प्रस्ताव नं. ५ : स्थानीय अनुकूलन कार्ययोजना (LAPA) अनुमोदन गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ६ : राष्ट्रपति रनिङशिल्ड प्रतियोगिताको खर्च अनुमोदन सम्बन्धमा।

प्रस्ताव नं. ७ : भू-उपयोग क्षेत्र वर्गिकरण सम्बन्धि निर्णय पुनरावलोकन सम्बन्धमा।

प्रस्ताव नं. ८ : भरिएसन स्वीकृत गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ९ : औद्योगिक ग्राम स्थापनाका लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा।

प्रस्ताव नं. १० : नि:शुल्क जग्गा प्राप्तिका लागि सिफारिस गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ११ : सडक मर्मतका लागि सिफारिस गर्ने सम्बन्धमा।

## निर्णयहरु

**निर्णय नं. ६९.१** : नगर कार्यपालिकाको मिति २०८२/०९/२९ गतेको ६८ औं बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको सम्बन्धमा आजको यस कार्यपालिका बैठकमा छलफल तथा समीक्षा गरियो । हालसम्म कार्यान्वयन हुन नसकेका निर्णयहरु तत्काल कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६९.२** : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, विभिन्न आयोग एवं अन्य निकायहरुबाट प्राप्त भएका तपसिल बमोजिमका पत्रहरुको सम्बन्धमा यस बैठकमा छलफल तथा जानकारी गराई आवश्यक कार्यान्वयनका लागि मातहतका सम्बन्धित निकायहरुलाई निर्देशन गर्ने निर्णय गरियो ।

### तपसिल

- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (वातावरण तथा विपद् व्यवस्थापन शाखा), सिंहदरवार, काठमाडौंको च.नं. ३७ मिति २०८२/०६/०४ को पत्रबाट विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को निर्णय कार्यान्वयन सम्बन्धी पत्रको विषयमा जानकारी गराइयो ।

- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह समन्वय शाखा), सिंहदरवार, काठमाडौंको च.नं. २३३ मिति २०८२/१०/०२ को पत्रबाट प्रचलित कानूनमा व्यवस्था भएकोमा बाहेक सेवा प्रवाहको प्रक्रियामा कागजातको आधिकारिकताका लागि आय टिकटका रुपमा हुलाक टिकट टाँस्ने अभ्यास, प्रचलन र व्यवस्थालाई हटाउने सम्बन्धी पत्र प्राप्त भई उक्त पत्रको विषयमा जानकारी गराउनुको साथै कार्यान्वयका लागि निर्देशन गर्ने ।

- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह समन्वय शाखा), सिंहदरवार, काठमाडौंको च.नं. २३२ मिति २०८२/१०/०२ को पत्रबाट तराई एवं मधेशका केही जिल्लाहरुमा धार्मिक सहिष्णुता तथा सदभावमा गम्भिर असर पर्ने किसिमका घटनालाई बढ्न नदिन एवं समाजमा सदभाव र सहिष्णुता प्रवर्द्धन गर्न पत्राचार गरिदिनका लागि लेखि आएको हुँदा उक्त विषयका सम्बन्धमा यस बैठकमा जानकारी गराइयो ।

- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह समन्वय शाखा), सिंहदरवार, काठमाडौंको च.नं. २३८ मिति २०८२/१०/०६ को पत्रबाट मिति २०८२ साल माघ ४ गते राती १२:०० देखि अर्को सूचना प्रकाशन नभएसम्मका लागि कार्यान्वयनमा ल्याइएको

निर्वाचन आचार संहिताको विषयमा जानकारी एवं कार्यार्थका लागि लेखि आएको हुँदा उक्त विषयका सम्बन्धमा कार्यपालिकाका सबै सदस्यहरुलाई जानकारी गराई अभिमुखीकरण गरियो । साथै, उक्त निर्वाचन आचार संहिता, २०८२ कार्यान्वयनका लागि मेलम्ची नगरपालिकाका जनप्रतिनिधिहरु एवं कर्मचारीहरु र सम्बन्धित पक्षलाई निर्देशन गर्ने ।

- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सुशासन प्रवर्द्धन शाखा), सिंहदरवार, काठमाडौंको च.नं. १८१ मिति २०८२/१०/११ को पत्रबाट जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, ईलाका प्रहरी कार्यालय, ट्राफिक प्रहरी, जिल्ला समन्वय समिति तथा को.ले.नि.का लगायतका संघीय सरकारको कार्यक्षेत्र भएका निकायहरुले प्रशासनिक खर्च, ईन्धन, सवारी मर्मत लगायतका खर्चका लागि स्थानीय तहमा बिल पठाउने, भुक्तानी माग गर्ने र अधिकारको दुरुपयोग गरी भुक्तानी गराउन बाध्य पार्ने जस्ता कार्य गरी स्थानीय तहबाट अनाधिकृत रुपमा खर्चको व्ययभार थप्ने गरेकोमा उक्त प्रकृतिका खर्चहरु नगर्न/नगराउन लेखि आएको हुँदा उक्त पत्रको विषयमा यस बैठकमा जानकारी गराइयो ।

- नेपाल सरकार/भूमि समस्या समाधान आयोगको च.नं. २५० मिति २०८२/१०/१४ को पत्रबाट भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको पहिचान र प्रमाणीकरणको कार्य २०८३ असार मसान्तसम्म सम्पन्न गरिसक्नका लागि लेखि आएको हुँदा उक्त विषयका सम्बन्धमा यस बैठकमा जानकारी गराइयो ।

- जिल्ला समन्वय समिति, सिन्धुपाल्चोकको च.नं. ३२६ मिति २०८२/१०/०२ को फट्टे राखी बाटो सुचारु गर्ने सम्बन्धी पत्रको विषयमा यस कार्यपालिका बैठकमा जानकारी गराइयो ।

**निर्णय नं. ६९.३** : मेलम्ची नगरपालिकाबाट आ.व. २०८२/०८३ को श्रावण १ देखि हालसम्मको आम्दानी तर्फ ४४.७६ प्रतिशत, चालु तथा पूँजीगत खर्च प्रगति (चालु तर्फ ३८.०७ प्रतिशत र पूँजीगत तर्फ १०.११ प्रतिशत गरी समग्रमा २५.४५ प्रतिशत भएको व्यहोरा यस कार्यपालिका बैठकमा जानकारी गराइयो ।

**निर्णय नं. ६९.४** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ को उपदफा (२) खण्ड (ङ) मा भएको कानूनी व्यवस्था बमोजिम मेलम्ची नगरपालिकाका उपप्रमुख उमा प्रधानज्यूको संयोजकत्वमा गठित योजना अनुगमन तथा सुपरीवेक्षण समितिबाट देहाय बमोजिमका योजनाहरुको अनुगमन गरी फरफारकको लागि पेश भएको हुँदा उक्त योजनाहरुको सम्बन्धमा यस कार्यपालिका बैठकमा छलफल भई पेश भएका अनुसूची-१ मा उल्लिखित योजनाहरु फरफारक गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ६९.५</u> : नगरस्तरीय विपद् व्यवस्थापन तथा जलवायु उत्थानशिल समितिको मिति २०८२/१०/२१ गते बसेको बैठकबाट मेलम्ची नगरपालिकाको स्थानीय अनुकूलन कार्ययोजना (LAPA) आ.व. २०८२/०८३ देखि २०८६/०८७ स्वीकृत भई अनुमोदनको लागि यस कार्यपालिकामा पेश भएको हुँदा उक्त कार्ययोजना स्वीकृत एवं अनुमोदन गर्ने निर्णय गरियो।

**<u>निर्णय नं. ६९.६</u>** : मेलम्ची नगरपालिकाको आयोजनामा मिति २०८२ साल पौष २४, २५ र २६ गते मेलम्ची नगरपालिका वडा नं. ११ स्थित खेलकुद मैदानमा सम्पन्न भएको राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा देहाय बमोजिमका शिर्षकहरुमा गरी कूल जम्मा रु. २१,९३,६०७।- (अक्षरुपी एक्काइस लाख त्रियानब्बे हजार छ सय सात रुपैयाँ मात्र) खर्च भएको हुँदा उक्त खर्च मध्ये राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन शीर्षकबाट रु. १०,००,०००।– र बाँकी रकम रु. ११,९३,६०७।- खेलकुद प्रतियोगिता संचालन शीर्षकबाट खर्च भुक्तानी गर्ने गरी उक्त खर्च रकम अनुमोदन गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

| सि.नं | विवरण | जम्मा रु. |
|---|---|---|
| १ | खेल सामाग्री, प्रमाणपत्र, शिल्ड, मेडल, ट्रफी, मायाको चिनो, सम्मानपत्र लयायतका सामाग्री | ५,११,३५८.०० |
| २ | खेल मैदान सफा तथा व्यवस्थापन सामाग्री, चुन समेत | ८४,२९१.०० |
| ३ | मेडिकल सामाग्री | ६,२७८.०० |
| ४ | अतिथी निर्णायक/स्वयम् सेवक खाना, खाजा तथा बास | २,४४,०८०.०० |
| ५ | साउण्ड सिस्टम, स्टेज, टेन्ट र कुर्ची भाडा | १,६२,५००.०० |
| ६ | निर्णायक तथा सहयोगी पारिश्रमिक | ३,२२,५००.०० |
| ८ | विविध खर्च | १२,०००.०० |
| ९ | अपार ट्र्याक | ९०,०००.०० |
| १० | सहभागी विद्यालयलाई अनुदान | ७,६०,६००.०० |
| | जम्मा | २१,९३,६०७.०० |

**<u>निर्णय नं. ६९.७</u>** : भू-उपयोग ऐन, २०७६, भू-उपयोग नियमावली, २०७९ तथा भू-उपयोग कार्यान्वयन निर्देशिका, २०८१ मा भएको कानूनी व्यवस्था बमोजिम भू-उपयोग षरिषद्को मिति २०८०/०४/०७ गतेको बैठकको निर्णय नं. १ को बुँदा नं. ५ मा " व्यक्तिको नाममा दर्ता कायम रहेको

एउटै कित्ता जग्गा कृषि र आवासीय क्षेत्रमा परेमा उक्त कित्ताको सम्पूर्ण क्षेत्रफल आवासीय क्षेत्रमा वर्गिकरण गर्ने तर, कित्ताको क्षेत्रफल पाँच हजार वर्ग मिटर भन्दा बढी भएमा कृषि क्षेत्रमा वर्गीकरण गर्ने" भन्ने निर्णय भएकोमा यस नगरपालिका क्षेत्र भित्रका जग्गाधनी एवं सेवाग्राहीहरुबाट अधिकांश कृषि योग्य जमिन आवासीय क्षेत्रमा वर्गीकरण भएकोले पुन: कृषि क्षेत्रमा वर्गीकरण गरी पाउँ भनि निवेदन पेश गरेको र यस विषयका सम्बन्धमा अन्य स्थानीयहरुबाट समेत गुनासो प्राप्त भएको हुँदा व्यक्तिको नाममा दर्ता कायम रहेको एउटै कित्ता जग्गा कृषि र आवासीय क्षेत्रमा परेमा उक्त कित्ताको सम्पूर्ण क्षेत्रफल आवासीय क्षेत्रमा वर्गीकरण गर्ने तर, कित्ताको क्षेत्रफल एक हजार वर्ग मिटर (२ रोपनी) भन्दा बढी भएमा कृषि क्षेत्रमा वर्गिकरण गर्ने गरी निर्णय पुनरावलोकन गर्ने निर्णय गरियो।

<u>**निर्णय नं. ६९.८**</u> : मेलम्ची नगरपालिका वडा नं. ११ स्थित निर्माणाधिन १५ शैयाको नगर अस्पताल जाने सडक निर्माणको लागि मिति २०८२/०६/२० मा निर्माण कम्पनी श्री आर.आर./कपिल/केदार जे.भी. संग कूल रकम रु. १,६१,५४,१९८।११ (एक करोड एकसठी लाख चवन्न हजार एक सय अन्ठानब्बे रुपैयाँ पैसा एघार मात्र) मा ठेक्का सम्झौता भई सडक निर्माण कार्यको ५० प्रतिशत भौतिक प्रगति भएको छ। प्राविधिकबाट उक्त सडकको शुरु लागत अनुमान तयार गर्दाको बखत भन्दा हाल बढी गहिराइबाट संरचना निर्माण गर्नुपर्ने भएको, उक्त सडकको भित्ताको जमिन सडक चौडा गर्ने क्रममा भिरालो भएकाले उक्त स्थानमा टेवा पर्खाल लगाउनुपर्ने देखिएको र उक्त सडक निर्माणमा क्रममा ग्याबिन वाल, प्लम्ब वाल र मेशिनरी वालको परिमाण बढ्न जाने भएकोले प्राविधिक तथा विशेषज्ञ समूहको सिफारिस बमोजिम सम्झौता रकमको १७.७७ प्रतिशत (रु. २८,७०,६६९।४९) थप रकमको भेरिएसन स्वीकृत गर्नुपर्ने भएको र उक्त भेरिएसनको कार्य नयाँ ठेक्का मार्फत गराउनु भन्दा सोही निर्माण कम्पनी श्री आर.आर./कपिल/केदार जे.भी. संग कार्य गराउँदा आर्थिक व्यभार कम पर्न जाने देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ को उपदफा १ (घ) बमोजिम विनियोजित रकममा नपुग थप रकम मर्मत संभार विशेष कोषबाट व्यवस्थापन गर्ने गरी भेरिएसन प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो।

<u>**निर्णय नं. ६९.९**</u> : बागमती प्रदेश सरकार/ उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय / उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, हेटौंडा, मकवानपुरको मिति २०८२/०९/२५ को औद्योगि ग्राम, हस्तकला ग्राम, डी.पी.आर., सम्भाव्यता अध्ययन तथा वातावरणीय अध्ययनको लागि ईच्छुक स्थानीय तहबाट प्रस्ताव पेश गर्नको लागि सूचना आव्हान भएकोमा उक्त सूचना बमोजिम यस सिन्धुपाल्चोक जिल्ला मेलम्ची नगरपालिका वडा नं. ११ (साविक सिन्धुकोट गा.वि.स. वडा नं. ८) स्थित कि.नं. १९२ क्षे.फ. ५०७ -६-२-० मध्येबाट औद्योगिक ग्राम स्थापनाको लागि आवश्यक पर्ने उक्त सरकारी सार्वजनिक जग्गामा औद्योगिक ग्राम स्थापनाका लागि मेलम्ची नगरपालिका ११ नं. वडा

कार्यालयको च.नं. १०५९ मिति २०८२/१०/२० को पत्रबाट सिफारिस भई आएको हुँदा सम्बन्धित वडा कार्यालयको सिफारिस बमोजिम उक्त स्थानमा औद्योगिक ग्राम स्थापनाका लागि प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६९.१०** : मेलम्ची नगरपालिका वडा नं. ९ स्थित श्री सातकन्या माध्यमिक विद्यालयलाई मेलम्ची नगरपालिका वडा नं. ९ (साविक ज्यामिरे गा.वि.स. वडा नं. ६) निवासी श्री राममायाँ गिरीको मालपोत कार्यालय, सिन्धुपाल्चोकमा दर्ता श्रेस्ता कायम रहेको कि.नं. ३७२४ क्षे.फ. १-१४-२-० मध्येबाट १-०-०-० (एक रोपनी) र सोही वडा निवासी सिता खत्रीको नाममा दर्ता श्रेस्ता कायम रहेको कि.नं. १९२९ क्षे.फ. ४-०-०-० मध्येबाट १-०-०-० (एक रोपनी) जग्गा निशुल्क उपलब्ध गराउन मञ्जुरीनामा र श्री सातकन्या माध्यमिक विद्यालयको च.नं. २० मिति २०८२/०९/०८ को पत्रबाट सिफारिस गरिदिनका लागि निवेदन पेश भएको तथा मेलम्ची नगरपालिका ९ नं. वडा कार्यालयको च.नं. ६२२ मिति २०८२/०९/०८ को पत्रबाट समेत उक्त विद्यालयको लागि नि:शुल्क जग्गा प्राप्ति गर्न आवश्यक प्रक्रिया अगाडि बढाइदिन भनि सिफारिस भई आएको हुँदा माथि उल्लिखित कि.नं. र क्षे.फ.को जग्गा विद्यालयले नि:शुल्क प्राप्ति गर्न उपयुक्त देखिएकोले उक्त जग्गा प्राप्तिको लागि जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६९.११** : मेलम्ची नगरपालिका वडा नं. १० र ९ मा पर्ने मेलम्ची- तिपेनी -भोताङ सडक खण्ड अन्तर्गतको हाल निर्माणाधिन सडक खण्ड भन्दा बाहेकको राम्चेडाँडा मकैबारी देखि खाल्डेखोला सम्मको क्षेत्रमा यस वर्षको वर्षा र सडक आसपासमा निस्केको पानीको कारण पहिरो गई यतायात संचालनमा कठिनाई भएको र उक्त सडक अत्यन्त जिर्ण अवस्थामा रहेको छ । त्यसैगरी, मेलम्ची नगरपालिका वडा नं. १३ स्थित छापभञ्ज्याङ्ग-वडा कार्यालय- सिपाघाट खण्डको सडक अत्याधिक सवारी साधनको चापको कारण सडकको ढलान फुटेर खाल्डाखुल्डी परी यातायातका साधन संचालनमा असहजता उत्पन्न भएको कारण सडक मर्मत संभार गर्नुपर्ने भएको र मेलम्ची नगरपालिका वडा नं. ६ स्थित मानेभञ्ज्याङ्ग-बतासे -उपल्लोगाउँ सडक खण्डमा ठूलो पहिरो आई बस्ती समेत जोखिमयुक्त अवस्थामा रहेको र यातायातका सवारी साधनहरु संचालनमा कठिनाई उत्पन्न भएकोले उक्त सडकहरु मर्मत संभारका लागि सम्बन्धित वडा कार्यालयबाट अनुरोध भई आएको हुँदा उक्त सडकहरुको मर्मत संभार गरी सहज रुपमा यातायातका साधन संचालनका गर्न सडक मर्मत संभारका लागि पूर्वाधार विकास कार्यालय मार्फत बागमती प्रदेश सरकारका सम्बन्धित मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो ।

अनुसूची १

नगरस्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिबाट अनुगमन गरी नगरकार्यपालिका बैठकमा मिति २०८२-१०-२१ मा फरफारका लागि पेश गरिएको प्रतिवेदन

| क.स. | अनुगमन गरिएको योजनाहरु | विनियोजित रकम रु. | लागत साझेदारी | वडा नं. | भुक्तानी रकम (कन्टेनजेन्सी सहित) | खरिद प्रक्रिया | भएका मुख्य कार्यहरु |
|---|---|---|---|---|---|---|---|
| १ | घले लोप्चन टोल सिडी निर्माण | ५,००,०००.०० | ५०,५६२.६१ | ९ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | सिडि, वाल तथा रेलिङको निर्माण कार्य। |
| २ | माथिल्लो सुनखानी मरनघाट निर्माण | २,००,०००.०० | २०,०००.०० | ९ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | ईट्टाको गाहो लगाई अधुरो शौचालय निर्माण गरिएको। |
| ३ | तिलङ्गा फाँट सिंचाई योजना निर्माण | १,५०,०००.०० | २५,०७४.०९ | ९ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | ६३ mm pN10 को पाईप -३०० मि खन्ने पुर्ने काम भएको। |
| ४ | बस्नेतटोल बाटो निर्माण | ५,००,०००.०० | ५०,२२७.१३ | ९ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | बाटो ढलान, वाल सिडी तथा रेलिङ निर्माण कार्य। |
| ५ | सातधारा दुप्चेश्वर मन्दिर परिसर सरसफाई | १,२०,०००.०० | १२,०७८.६१ | ९ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | मन्दिर जम्मा भएको माटो फाल्ने काम भएको। |
| ६ | बाँससल्ले धारो संरक्षण | १,००,०००.०० | १०,०००.०० | ९ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | ढुङगा सिमेन्टको वाल लगाएर ढुङ्गे धारा निर्माण कार्य |
| ७ | तारेभिर पहिरो नियन्त्रण | २,००,०००.०० | २०,०००.०० | ५ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | वाल लगाएर पहिरोबाट सरक्षण दिने कार्य भएको। |
| ८ | ग्रामिण मोटरबाटो सरसफाई तथा स्तरोन्नती कार्य | ९,००,०००.०० | ९०,०००.०० | ५ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | वडा भित्रका मुख्य र भित्री बस्तीका सडक सरसफाई गर्नुका साथै आवश्यक ठाँउमा ग्राभेलको कार्य। |
| ९ | ग्रामिण सडक सरसफाई तथा स्तोरन्नती कार्य, (MMSI/WORKS/SQ/2082-83/13) | १५,००,०००.०० | | ४ | प्राविधिक विल अनुसार | ठेक्का | ग्राभेल तथा बाटो सरसफाई कार्य। |
| १० | छापभन्ज्याङ ठाँटी फट्केश्वर सडक भासिएको ठाँउमा ग्याबिन वाल | ९,५३,८९२.५५ | ९,५१,६६९.२५ | १३ | प्राविधिक विल अनुसार | सोझौ खरिद | ग्याविन जाली लगाउने कार्य। |
| ११ | ग्रामिण सडक सरसफाई | १०,००,०००.०० | | १२ | प्राविधिक विल अनुसार | दरभाउ पत्र | पहिरो पन्छाउने र सडक सरसफाई कार्य |
| १२ | गौरुङथोक माथिल्लो वस्ती सामुदायिक भवन मर्मत तथा निर्माण | ३,००,०००.०० | ३०,०००.०० | ३ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | अधुरो भवनमा ईट्टाको वाल लगाई प्लाष्टर तथा कलर सहितको कार्य र भवनको पछाडी स्टोन मेशोनरी वाल निर्माण कार्य भएको। |
| १३ | घलान टोल सिडि निर्माण | ३,००,०००.०० | ३०,०००.०० | ३ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | स्टोन मेशनरी वाल उठाई सोलिङ पि.सि.सि. गरी सिडी निर्माण कार्य। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४ | कुवा संरक्षण | ३,६०,०००.०० | २०,०००.०० | ३ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | कुवा संरक्षणको कार्य। |
| १५ | राक्से सिडि निर्माण | ४,००,०००.०० | ४०,०००.०० | १० | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | स्टोन मेशनरी वाल उठाई सोलिङ पि.सि.सि. गरी सिडी निर्माण कार्य। |
| १६ | पिपलबोट हुदै भुमेस्थानटोल रामपुर गोरेटोबाटो निर्माण | १,५०,०००.०० | १५,०००.०० | १० | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | स्टोन मेशनरी वाल उठाई सोलिङ पि.सि.सि. गरी सिडी निर्माण कार्य। |
| १७ | पारिधारा खुट्टेखोला सिंचाई योजना | ३,००,०००.०० | ३०,०००.०० | १० | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | मेशोनरी वालको कार्य भएको, चार स्थानमा च्याम्बर बनाई चार ईन्च HDPE पाईप हाली सिँचाई कुलो निर्माण कार्य गरी सिँचाई गर्ने कार्य। |
| १८ | खर्काचौर छ्योर्तेन माने निर्माण | १०,००,०००.०० | १,००,०००.०० | १० | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | माटो कटिङ गरी जग्गा सम्माउने कार्य गरेको, आवश्यक स्थानमा स्टोन मेशोनरी वाल लागाएको र ईट्टा सिमेन्टको बुट्टा कलर सहित छ्योतेन माने निर्माण गर्ने कार्य। |
| १९ | मौलावारी नेवारटोल सडक स्तरोन्नती कार्य | ५,००,०००.०० | ५०,०००.०० | ४ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | ग्याविन वाल लगाई सडक स्तरोन्नती कार्य भएको |
| २० | फेदी देखि फेदी पुछारसम्म सडक स्तरोन्नती कार्य | ५,००,०००.०० | ५०,०००.०० | ४ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | सडक चौडा गर्ने र ग्याविन वाल लगाउने कार्य। |
| २१ | पाटीभन्याङ गैरीटोल संरक्षण कार्य | ३,००,०००.०० | ३०,०००.०० | ४ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | ग्याविन वाल लगाई वस्ती संरक्षण कार्य |
| २२ | तल्लो जैसीगाउँघुम्ती हुँदै पुच्छारटोल गुरुङ गाउँ मोटरबाटो स्तरोन्नती (MMSI/WORKS/SQ/२०८१-८२/०१ | १९,९९,७८०.३८ | १३,८०,७९५.९६ | ३ | प्राविधिक विल अनुसार | ठेक्का | मेशनरी वाल,ग्याविन वाल hum pipe with catchpit,सडक सोलिङ गरि सडक स्तरोन्नती गर्ने कार्य भएको |
| २३ | काउलेदोभान वडा कार्यालय बालुवाडाँडा सडक स्तरोन्नती MMSI/WORKS/NCB/२०८१-८२/१७ | ४९,९९,७६५.०८ | ३४,८८,५१५.६१ | ३ | प्राविधिक विल अनुसार | ठेक्का | पक्की नाली,मेशनरी वाल,प्लम वाल,ग्याविन वाल,ह्युमपाईप with catch pit,cause way ढलान कार्य भएको |
| २४ | रैले नाम्के खेत सिंचाई | ५,००,०००.०० | ५०,७०३.०७ | ७ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | आर.सि.सि.कुलो, मेशनरी वाल निर्माण कार्य |
| २५ | प्रज्ञा आ.वि.पूर्वाधार निर्माण | १०,००,०००.०० | १,०२,९२८.५१ | ७ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | आर.सि.सि. नालि,मेशनरी वाल, माटो समाउने कार्य भएको |
| २६ | कात्तिके पुछारटोल बस्ती संरक्षण कार्य | १०,००,०००.०० | १,००,०००.०० | ११ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | मेशनरी वाल,बाटो सरसफाई कार्य भएको |
| २७ | सार्केखोला डाँडाकठेरी तिलखोरिया सिंचाई योजना निर्माण | ५,००,०००.०० | ५०,०००.०० | ११ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | आर.सि.सि.कुलो,मेशनरी वाल,सोलिङ निर्माण कार्य भएको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २८ | दाउचेत क्यौरानी लाभगाउँ सडक स्तरोन्नती (MMSI/WORKS/NCB/२०८१-८२/१० | २,००,००,०००.०० | | ८ | प्राविधिक बिल अनुसार | ठेक्का | प्लम नाली निर्माण,ग्याबिन वाल,मेशनरी वाल,क्याचपिट सहित ह्युमपाईप र सडक आर.सि.सि.ढलानको कार्य भएको |
| २९ | माझीगाउँ सडक तथा गोरेटोबाटो निर्माण रामपुर | ५,००,०००.०० | ५०,०००.०० | १० | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | सडक आर.सि.सि.ढलान र सिढी निर्माण कार्य भएको |
| ३० | सार्केखोला जलुके धितालवेशी सिंचाई कुलो स्तरोन्नती कार्य | ९,००,०००.०० | ९०,०००.०० | ११ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | आर.सि.सि.निर्माण,मेशनरी वाल,ग्राविन निर्माण कार्य भएको |
| ३१ | दनुवारगाउँ भित्री सडक स्तरोन्नती | १०,००,०००.०० | १,००,०००.०० | १३ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | सडक ढलान,प्लम नाली निर्माण कार्य भएको |